# वार्षिक नीति तथा कार्यक्रम

## आ.व. ०७९/०८०

# चिचिला गाउँपालिका,

गाउँ कार्यपालिकाको कार्यालय,

चिचिला, संखुवासभा

प्रदेश नं. १, नेपाल ।

मितिः २०७९/०३/१०

**प्रस्तुतकर्ताः**

**पासाङ नुर्बु शेर्पा**
**गाउँपालिका अध्यक्ष**

"समृद्ध नेपाल, सुखी नेपाली"

आ.व. ०७९/०८० को वार्षिक नीति तथा कार्यक्रम

**गाउँ सभा सदस्यज्यूहरु,**

चिचिला गाउँपालिकाको गरिमामय गाउँ सभालाई सम्बोधन गर्दै आर्थिक वर्ष २०७९/०८० को *वार्षिक, नीति तथा कार्यक्रम* प्रस्तुत गर्न पाउँदा म गौरवान्वित भएको छु ।

१. यस अवसरमा म राष्ट्रीय स्वाधीनताको रक्षा, लोकतन्त्र प्रासि अग्रगामी परिवर्तन तथा लोकतान्त्रिक गणतन्त्र नेपाल निर्माणका लागि जीवन उत्सर्ग गर्नुहुने *सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली* अर्पण गर्दछु । राष्ट्रियता, लोकतन्त्र र जनजीविकाको आन्दोलनमा अगुवाई गर्नुहुने सम्पूर्ण अग्रजहरुको योगदानको उच्च सम्मान सहित स्मरण गर्न चाहन्छु ।

२. संघात्मक शासन व्यवस्था नेपाली जनताको त्याग, बलिदान र लामो सङ्घर्षको उपलब्धि हो । यो स्थानीय सरकार जनताको सेवा, सुरक्षा, समृद्धि र सुखका लागि जनताले बनाएको शासकीय व्यवस्था हो । राष्ट्रलाई यस युगान्तकारी मोडमा ल्याइपुऱ्याउने क्रममा जनताले गर्नुपरेको त्याग, बलिदान र व्यहोर्नुपरेको दुःखकष्टको पूर्ण सम्मान गर्दै *लोकतन्त्रको रक्षा, सुदृढीकरण* र सही प्रयोगमा यो स्थानीय सरकार अडिग रहनेछ ।

३. जनताको पूर्ण लोकतन्त्र, सुशासन, जनताप्रति उत्तरदायी राज्य, भ्रष्टाचारमुक्त सभ्य र सुसंस्कृत एवम् कर्तव्यप्रति दृढ समाज यस *सरकारका आदर्श* हुनेछन् ।

४. समृद्धि अब चिचिला गाउँपालिका वासीको  लागि मृगतृष्णा मात्र हुन सक्दैन । विकास बाहेक समृद्धि हासिल गर्ने अर्को बाटो छैन । विकासका लागि*शान्ति र स्थायित्व*मा यस स्थानीय तहले गम्भीरताका साथ ध्यान दिनेछ । तथ्य, तर्क र कानूनका आधारमा नागरिकका जायज मागहरुलाई सुन्ने र पुरा गर्ने काम हुनेछ । यस सरकारले लोकप्रियताका लागि काम गर्दैन, नागरिकका लागि राम्रा काम गरेर लोकप्रिय हुनेछ ।

५. "समृद्ध नेपाल, सुखी नेपाली" भन्ने नेपाल सरकारको दीर्घकालीन उद्देश्य हासिल गर्न स्थानीय तहमा "**समृद्ध चिचिला, सुखी चिचिलाबासी**" को लक्ष्य हासिल गर्न विभिन्न विषयक्षेत्रगत सुधारका नीति अवलम्बन गरिनेछ ।

६. राष्ट्रियता, लोकतन्त्र, विकास निर्माण, सुशासन र समृद्धिका क्षेत्रमा सहमतिका साथ अघि बढ्न चिचिला गाउँपालिका प्रतिबद्ध छ । यो प्रतिबद्धता पुरा गर्न चिचिला गाउँपालिकाका सबै राजनीतिक दल र अन्य सरोकारवालाको साथ र *सहकार्यको लागि आव्हान* गर्दछ ।

७. वर्तमान पुस्ताले नै अनुभूत गर्ने गरी विकास र समृद्धि हासिल गर्नेतर्फ केन्द्रित भएर यस सरकारले आर्थिक वर्ष २०७९/०८० का नीति तथा कार्यक्रमहरु तय गरेको छ ।

८. चिचिला गाउँपालिकाले विकासप्रतिको सोच र प्रक्रिया, कार्यसंस्कृति, शासकीय प्रणाली, अर्थतन्त्रको संरचना र सामाजिक न्यायका क्षेत्रमा रुपान्तरण गर्नेछ । विकास नीति, रणनीति, कार्यनीति, कानून, संस्था, जनशक्ति र स्रोत साधन, सहभागिता, सेवाप्रवाह र नतिजा अनुगमन एवम् मूल्याङकनका क्षेत्रमा *आमूल परिवर्तन* गरिनेछ ।

९. विकास, निर्माण, सुरक्षा, शासकीय सुधार लगायतका विविध पक्षमा अध्ययन अनुसन्धान गरी सरकारलाई नियमित सुझाव दिनका लागि विज्ञहरु सम्मिलित *सल्लाहकार समिति*को व्यवस्था गरिनेछ ।

१०. यस गाउँपालिकाले प्रगतिशील र नवप्रवर्तनलाई प्रोत्साहन गर्ने नीतिहरु अवलम्वन गर्नेछ । विकास र सेवा प्रवाहलाई सहजीकरण गर्ने गरी अपूर्ण नीति र कानूनलाई पूर्णता दिइनेछ, आवश्यकता अनुसार नयाँ *कानून निर्माण* गरिनेछ ।

११. छिमेकी पालिकाहरुसँग पर्यटन, भौतिक पूर्वाधार निर्माण गर्नका लागि लागत साझेदारीमा सहकार्य गरी विकास निर्माणका कार्यहरु अगाडी बढाईनेछ । जस्तैः खाँदवारी न.पा. र चिचिला गा.पा. को छ्याङ्कुटी सिमाना, मकालु गा.पा. र चिचिला गा.पा. को देउराली बजार क्षेत्रहरुमा प्रवेश गेट, सार्वजनिक शौचालय र खानेपानी व्यवस्थापन गरीनेछ ।

आ.व. ०७९/०८० को वार्षिक नीति तथा कार्यक्रम

**गाउँ सभा सदस्य ज्यूहरु,**

अब म आगामी आर्थिक वर्ष २०७९/०८० को बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्दछु । बजेटका उद्देश्यहरु देहाय बमोजिम रहेका छन्ः

क) दिगो विकासका लक्ष्यहरु प्राप्त गर्ने तर्फ अग्रसर हुने,

ख) सर्वसुलभ तथा गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने,

ग) जीवनोपयोगी तथा सीपयुक्त शिक्षाको प्रबन्ध मिलाउने,

घ) आर्थिक सामाजिक पूर्वाधारहरुको विकास गरी स्थानीय तहको समृद्धीको आधार तयार गर्ने,

ङ) निर्माणाधीन तथा अधुरा आयोजनाहरुको निर्माण कार्य सम्पन्न गर्ने,

च) संघ, प्रदेश र अन्य स्थानीय तहसँग सहयोग, समन्वय र सहकार्य मार्फत सन्तुलित विकास गर्ने,

छ) कृषि उत्पादन तथा उत्पादकत्वमा अभिवृद्धि तथा कृषि क्षेत्रमा युवाहरुको परिचालन गर्ने,

ज) चिचिलावासीहरुलाई उपयोगी सीप सिकाई स्वरोजगारका अवसरहरुको सिर्जना गर्ने ।

झ) स्थानीय उत्पादनलाई वढवा दिई चिचिलावासीको जीवनस्तर सुधार गर्ने ।

**भौतिक पूर्वाधार विकास सम्बान्धि नीति**

१. चिचिला गाउँपालिका भित्र ट्र्याक ओपन भैसकेको सडक खण्डमा ग्रेड मिलाउने तथा व्याक कटिङ गर्ने कार्यका लागि ३० प्रतिशत र सोलिङ गर्ने, ड्रेन निर्माण गर्ने लगायत अन्य कार्यका लागि ७० प्रतिशत अनिवार्य खर्च गर्नु पर्ने व्यवस्था मिलाइने छ ।ठुला पहिरो आइ सडक पुरेको खण्डमा मात्र भौतिक पूर्वधार विकास शाखाको सिफारिमा मेसिनको प्रयोग गर्ने व्यवस्था मिलाइने छ।

२. सडक निर्माणको कारण हुन सक्ने भूक्षय रोकथामको लागि सबै सडक निर्माण वा स्तरोन्नति कार्यमा कुल लागत अनुमानको १० प्रतिशत उपभोक्ता समितिको श्रमदान बापतको लागत रकम बराबर सडकको दाँया बाँया अम्लिसो, निगालो, सुपर नेपियर लगायत अन्य जातको घाँस रोप्नुको साथै काष्ठ जन्य विरुवाको वृक्षरोपण गर्ने कार्य गर्ने नीति अवलम्बन गरिने छ। जग्गा धनी वा सामुदायिक वनले यस्ता घाँस वा विरुवाहरुको संरक्षण एवम् उपभोग गर्ने व्यवस्था मिलाइने छ ।

३. राष्ट्रिय स्तरका सडक निर्माणको क्रममा कुलो नाली वस्ती वाली नाली तर्फ लगाउन नदिन सम्वन्धित निकाय सँग समन्वय गरिने छ । गलत स्थानमा कुलो नालीका निर्माणको कारण

आ.व. ०७९/८० का वार्षिक नीति तथा कार्यक्रम

क्षति भएमा क्षति पूर्तिका लागि गाउँपालिकाले सम्वन्धित निकाय समक्ष पहल गर्ने नीति अवलम्वन गर्ने छ ।

४. गाउँपालिकाको केन्द्रबाट सवै वडाको वडाकेन्द्र हुदै गाउँ, टोल, वस्तीमा सडक सन्जाल पुर्याइ सडकको स्तरोन्नती गर्दै लगिने छ । डीपीआर गर्न बाँकी रहेका सडकको डीपीआर गरिने छ । डीपीआर भैसकेको सडकको निर्माण तथा स्तरोन्नतिका लागि प्रदेश सरकार तथा नेपाल सरकार सँग बजेट व्यवस्थापनका लागि समन्वय गरी लागत समाझेदारीमा सडक निर्माण तथा स्तरोन्नति कार्य अगाडी बढाइने छ।

५. गाउँपालिकाको एक घर एक धारा निर्माण अनुरुप धारा निर्माण गर्दा निर्माण भएका धाराहरुमा अनिवार्य गाउँपालिकाको लोगो राख्नुको साथै र RBT ट्याङकीमा अनिवार्य योजना सम्बन्धि सम्पूर्ण विवरण खुलाइ अभिलेख राख्ने व्यवस्था मिलाइने छ ।

६. गाउँपालिका स्तरीय भवन सामुदायिक भवन, मठ, मन्दिर, गुम्बा, पुल, पार्क जस्ता सार्वजनिक भौतिक संरचना निर्माण स्थलमा अनिवार्य रुपमा सम्पूर्ण विवरण सहितको अभिलेख राख्ने व्यवस्था मिलाइने छ ।

७. सार्वजनिक प्रयोजनका लागि जुनसुकै भौतिक संरचना निर्माणका लागि जग्गा व्यवस्थापन गर्दा व्यक्तिले हकभोग गर्दै आएको ऐलानी जग्गा उपलब्ध गराउन चाहेमा सम्वन्धित व्यक्तिले मन्जुरीनामा सहित अनिवार्य सम्वन्धित वडाबाट सिफारिस गर्नु पर्ने व्यवस्था गरिने छ ।

८. सार्वजनिक प्रयोजनका लागि सार्वजनिक संरचना निर्माण गर्ने क्रममा जग्गा व्यवस्थापन लगायत अन्य सम्भावित अवरोध वा विवादहरुलाई योजना सन्चालन हुनु अगावै समाधान गरी योजना सम्पन्न हुने अवस्थाको सुनिश्चित गर्ने व्यवस्था मिलाइने छ । योजना सन्चालन गर्नु अगावै उक्त क्षेत्रको नागरिक समुदाय, समूह, क्लव, संघ, संस्थाबाट विवादरहित हुने सुनिश्चतताको लिखित अभिलेख सम्वन्धित निर्माण समिति र वडा कार्यालयले राख्ने ।

९. चिचिला गाउँपालिका भित्रका जग्गा सम्बन्धि समस्याको व्यवस्थापन गर्नका लागि प्राविधिक कर्मचारीको व्यवस्थापन गरिने छ ।

१०. सार्वजनिक प्रयोजनका लागि निशुल्क जग्गा प्राप्ति गर्ने तथा जग्गाको सार्वधनिक प्रयोजनको दिगो व्यवस्थापन गर्ने सम्बन्धमा गाउँपालिकाले आवश्यक कानुन बनाइ कार्यन्वयन गर्ने छ ।

११. ट्रयाक ओपन भैसकेको सडकहरुमा मेसिन रहित मानव संसाधनबाट सडक सोलिङ निर्माण गरी रोजागरको श्रृजना गर्ने गराउने व्यवस्था नीति अवलम्वन गर्ने ।

१२. गाउँपालिकाको डीपीआर भइसकेका ठूला पालिकास्तरीय महत्वका योजनाहरु चिचिला ठूलो देउराली पदमार्गा धूवाँछागा पर्यटकीय क्षेत्रको डीपीआर भइसकेकोमा वजेट व्यवस्थापनका लागि नेपाल सरकार तथा प्रदेश सरकार सँग आवश्यक समन्वय गर्ने नीति अवलम्वन गरिने छ ।

१३. रु ५ लाख सम्मको लागत भएका योजनाहरुको अनुगमनका लागि सम्बन्धित वडालाइ जिम्मेवार वनाइने छ । वडा अध्यक्ष, वडा अध्यक्षले तोकेको वडा सदस्य, वडाको प्राविधिक कर्मचारीले योजना सम्पन्न भइरहेको अवस्थामा, योजना सम्पन्न पश्चात अनिवार्य अनुगमन गर्नु पर्ने नीति अवलम्वन गरिने छ । वडा स्तरीय अनुगमन समितिबाट अनुगमन भएका योजनाहरु आवश्यकता अनुसार गाउँपालिकास्तरीय अनुगमन समितिले अनुगमन गर्ने व्यवस्था मिलाइने छ ।

१४. चिचिला चक्रपथलाई *चिचिला गौरवका सडक* सञ्जालको रुपमा विकास गरिनेछ । सडक तथा यातायातको सञ्चालन लागत तथा दुरी कम गर्न तथा सडक सुरक्षा सुनिश्चित गर्न आवश्यकता अनुसार सडकको रेखाङ्कन गर्न चिचिला समृद्धिको गुरुयोजना निर्माण गरिनेछ ।उक्त चिचिला गाउँपालिकाको चक्रपथ ठूला आयोजना तथा परियोजनाले प्रयोग गरेमा सडकमा पर्ने जग्गाको उचित मुआब्जा उपलब्ध गराई परियोजनाबाटै स्तरोन्नत्ती गर्ने ब्यवस्था गरिनेछ ।

१५. सडकको क्षेत्राधिकार (right of way) मिचिने गरी मानव निर्मित समस्या खडा गर्ने कार्य पूर्ण रुपमा निरुत्साहित गर्न आवश्यक कानुन बनाई लागु गरिनेछ । सडकको क्षेत्र नियमानुसार अनिवार्य छोड्न छोडाउन पहल गरिनेछ ।

१६. गाउँपालिका क्षेत्रमा रहेका सडकलाई वर्षैभरी सञ्चालनको सुनिश्चताका लागि सवै वडामा सडक हेरालुको व्यवस्थापन गरिने छ ।

१७. चिचिला गाउँपालिकाको गौरवका आयोजना अन्तरगत चिचिला चक्रपथको अवधारणा वमोजिम डी.पी. आर. को व्यवस्था गरी स्तरोन्नति गरी सुविधासम्पन्न सडक बनाउन कुनै परियोजना तथा आयोजना, प्रदेश सरकार र नेपाल सरकारसँग समन्वय गरी निर्माण कार्य अगाडी बढाइने छ ।

१८. मुख्य सडक सञ्जालबाट टाढा भएका वस्ती तथा प्राकृतिक सम्पदाहरु मूल्याङ्कन गरी पक्की पुल व्यवस्थापन गरी काठे पुलहरुलाई विस्थापित गरिनेछ ।

१९. प्रत्येक उपभोक्ता समितिले शुन्य पेश्कीमा आधारित भएर आयोजना सञ्चालन गर्ने नीति अवलम्बन गरिने छ।

२०. उपभोक्ता समितिबाट योजना सञ्चालन गर्दा १०% लागत सहभागितालाई अनिवार्य गर्ने नीति अवलम्वन गरिने छ ।

**<u>भवन निर्माण</u>**

१. गाँउपालिकाको प्रशासकीय भवन र वडा कार्यालयका भवनहरु निर्माण कार्यलाई पूर्णता दिइने छ ।
२. चिचिला गाँउपालिका भित्र सम्पन्न गरिने सामाजिक साँस्कृतिक धार्मिक कार्यहरु अझ व्यवस्थित रुपमा सम्पन्न गर्न, समाजमा समूहिक भावनाको विकास गर्न, विपदको समयमा समूहिक आवासको सुनिश्चित गर्न प्रत्येक टोलमा सामूदायिक भवन निर्माण कार्यलाई अगाडी बढाइ प्रयोगमा ल्याइने छ ।

**<u>जलविद्युत</u>**

१. गाउँपालिका भित्र विद्युत विस्तार गर्न बाँकी रहेका केही टोलमा अविलम्व विद्युत विस्तार गर्न आवश्यक पहल गरिने छ।
२. नदीनाला र खोलाको स्रोत र सही ठाउँ पहिचान गरी बृहत् जलविद्युत आयोजना छनौट गरी केन्द्रीय प्रसारण लाईनसँग ग्रिड जडान गरी गाउँपालिकाको सबै वडा तथा टोलहरुमा पु¥याउन पहल गरिनेछ ।
३. साविकमा निर्माण सुरू भई अधुरो रहेका जलविद्युत आयोजनाहरुलाई आवश्यकता तथा दीगोपनाको आधारमा पूर्णता प्रदान गर्न आवश्यक पहल गरिनेछ ।

**<u>आर्थिक विकास सम्बन्धी नीति</u>**

**<u>कृषि तथा पशु सेवा</u>**

१. संसारमा दुर्लभ मानिएको पानी मकैलाई चिचिला गाउँपालिकाको विशिष्ट पहिचानयुक्त कृषि उपजको रुपमा विकास गर्न सम्बद्ध कृषकहरुलाई प्रोत्साहन गर्दै पानी मकै विषेश क्षेत्र घोषणा गरिने छ।
२. निर्वाहमुखी कृषि पद्धतिलाई व्यवसायिक कृषितर्फ रुपान्तरण गर्न स्थानीय लोपोन्मुख रैथाने ताकमारु धान, कागुने कोदो, पानी मकै बालीको उत्पादन उत्पादकत्व अभिवृद्धि गर्नुको साथै विक्री वितरणका लागि प्रवर्द्धन गर्दै लगिने छ ।

आ.व. २०७९/८० को वार्षिक नीति तथा कार्यक्रम

३. चिचिला गाउँपालिका क्षेत्रमा रहेका सार्वजनिक तथा ऐलानी जग्गाहरुको प्रकृति, स्वरुप र सम्भावनाका आधारमा समग्र भूमिको उपयोग गर्न *करार, सहकारी र सामुहिक खेती*लाई विशेष सहुलियत प्रदान गरी प्रोत्साहन गरिनुको साथै त्यस्ता जग्गाको उपयोग व्यवशयीकरणका लागि सार्वजनिक नीजि साझेदारी मोडल अवलम्वन गरिने छ ।

४. निर्यातयोग्य उच्च मूल्यका स्थानीय कृषि उपजहरुको खेतीलाई प्रोत्साहन गरिनेछ । *अर्गानिक खेती प्रणाली*लाई प्रोत्साहन र कृषिजन्य उपजको आयातलाई निरुत्साहन गरिनेछ ।कृषि उत्पादन विक्री वितरणका लागि समूह सहकारी संस्था मार्फत ढुवानीमा अनुदान दिने नीति अवलम्वन गरिने छ ।

५. कृषि उत्पादनलाई चाहिने मल, बिऊ, औषधि, उपकरण र अन्य आवश्यक सेवाहरु *कृषि तथा पशु सेवा केन्द्र*मार्फत उपलब्ध गराइनेछ ।

६. कृषिजन्य उपजको भण्डारणका लागि*शीत भण्डारण*को व्यवस्था गर्न आवश्यक नीति अवलम्बन गरिनेछ । कृषि उत्पादनका साधनहरुको उपलब्धता, उत्पादन, सञ्चय, बिक्री बितरण र मूल्यको अनुगमन र नियमन गरिनेछ ।

७. आधुनिक प्रविधिको प्रयोग गरी साना तथा मझौला सिंचाई आयोजनाहरुको निर्माण तथा कार्यान्वयनबाट कृषियोग्य जमिनमा *सिंचाई सुविधा विस्तार* गरिनेछ ।

८. उन्नत जातको अलैंचीखेतीको लागि कृषि साझेदारीहरुसँग समन्वय गरी *अन्तर्राष्ट्रिय बजार*सम्म पहुँच वृद्धि गर्न आवश्यक नीति अवलम्बन गरिनेछ ।

९. खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुतालाई व्यवस्थित गर्न बजार अनुगमन तथा ब्यवस्थापन समिति गठन गरी *खाद्य सुरक्षा प्रतिकार्य योजना (Food Security Response Plan)* तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

१०. कृषि उत्पादनलाई व्यवस्थित र सुरक्षित बनाउन कृषिजन्य बालीहरुमा रोगहरुको पहिचान र सचेतना अभिवृद्धि गर्न आवधिक रुपमा *कृषिजन्य तालिम* सञ्चालन गर्न कृषि तथा पशु विज्ञको व्यवस्थापन गरिनेछ ।

११. चिचिला गाउँपालिकामा कृषि पेशामा आवद्ध कृषकहरुको आयआर्जन वृद्धि तथा मौसमी बेरोजगारीलाई न्यूनीकरण गर्न *कृषि सहकारी* सञ्चालनलाई प्रोत्साहन गरिनेछ ।

१२. चिचिला गाउँपालिका क्षेत्रमा कृषि क्षेत्रमा अनुकरणीय योगदान पुऱ्याए बापत वार्षिक रुपमा *सर्वोत्कृष्ट कृषक वा कृषि व्यवसायी* घोषणा गरी पुरस्कृत गर्ने परिपाटीको सुरुवात गरिनेछ ।

आ.व. ०७९/८० को वार्षिक नीति तथा कार्यक्रम

१३. सरकारबाट वितरण हुने विभिन्न कार्यक्रममा समतमूलक पहुचको सुनिश्चता कायम गर्न नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकारबाट वितरण हुने अनुदान वा साझेदारका कार्यक्रमहरु नदोहोरिने नीति अवलम्वन गरिने छ ।

१४. एक वडा एक पकेट क्षेत्र घोषणा गरी कृषि उत्पादनलाई अभिवृद्धी गर्दै व्यवशायीकरणमा जोड दिइने छ ।

१५. छ्यङकुटी-चिचिला-कुवापानी-कसाने देउराली क्षेत्र उत्तर दक्षिण दाँया बाया सडकको क्षेत्र र कुवापानी-टाडे तिनघरे- खर्सु क्षेत्र, छ्याङ्कुटी-लहरी क्षेत्र, चिचिला-जुके-कागते क्षेत्र, गुरासे-खिङखिलाडाडा- वडा कार्यालय क्षेत्रमा चिया खेतीको अनुदान कार्यक्रम गरी चिया उत्पादनमा अविबृद्धी गर्नुको साथै कृषि पर्यटन उद्योगको समेत प्रवर्द्धन गरिने छ ।

१६. चिचिला गाउँपालिका स्तरमा संचालन भएका कार्यक्रमको प्रभावकारी अनुगमन गरिने छ । अनुगमनको क्रममा प्राप्त पृष्ठपोषणलाई अनिवार्य कार्यन्वयन गर्दै लगिने छ ।

१७. जडिबुटीको व्यवसायिक खेतीको सम्भाव्यता अध्ययन गरी सोही अनुरुपका कार्यक्रम तथा योजनाहरुलाई विशेष प्रोत्साहन दिइनेछ ।

१८. कृषक वर्गलाई आर्थिक स्तर सुधार तथा वातवरण मैत्री विकास गर्ने फुल खेती प्रवर्द्धन गरिने छ ।

१९. सुख्खा क्षेत्रमा थोपा सिंचाई तथा फोहोरा सिंचाई, सिमेन्ट पोखरी र प्लाष्टिक पोखरी निर्माण गरी वर्षातको पानी संकलनमा जोड दिइनेछ ।

२०. खाद्यान्न उत्पादन हुने स्थानहरुमा भवन निर्माण तथा वस्ती विस्तार कार्यलाई निरुत्साहन गरिनेछ ।

२१. कृषि भूमिलाई बाँझो राख्ने कार्यलाई निरुत्साहन गरी बाली लगाउन नसक्ने अवस्थामा घाँस, अम्रिसो वा काष्ठजन्य विरुवा लगाउने नीति अवलम्बन गरिने छ ।

२२. फलफूल र आलु तथा अन्य तरकारी भण्डारणका लागि सेलर स्टोर तथा रष्टिक स्टोरको निर्माणका लागि आवश्यक पहल गरिनेछ ।

२३. जलवायु परिवर्तनबाट कृषि क्षेत्रमा परेको प्रभाव सम्बन्धी अध्ययन तथा अनुसन्धानमा जोड दिइनेछ ।

२४. जडिबुटि, घाँस नर्सरी केन्द्र स्थापना तथा अर्गानिक खेती, नमुना आधुनिक खेतीलाई बढावा दिइनेछ ।

२५. भकारो सुधार कार्यक्रमलाई कार्यान्वयनमा ल्याउनुका साथै जैविक मल तथा विषादी उत्पादन गर्ने उद्योग स्थापना गर्न प्रोत्साहन गरिनेछ ।

२६. भूगोल तथा हावापानी अनुसार सुहाउँदो फलफुलहरुको बोट बिरुवा लगाई क्षेत्र बिस्तार गरिने छ ।

२७. यस गाउँपालिकामा अन्य आवश्यकता अनुसार फलफुल तथा तरकारी संकलन केन्द्र निर्माण गर्न पहल गरिनेछ ।

२८. कृषि, पशुपालन अनुदान कार्यक्रम अन्तर्गत ७० सत्तरी प्रतिशत साझेदारिमा कार्य गरिनेछ।

२९. पशु व्यवसायलाई व्यवस्थित गर्न *पशु चरण*को लागि सम्भावित ठाउँ पहिचान पशुपालनलाई वढवा दिन आवश्यक नीति अवलम्बन गरिनेछ ।

३०. *मौसमी कृत्रिम गर्भाधान* (Artificial Insemination) लाई ग्रामीण दुर्गम क्षेत्रमा सामुदायिक पशु प्रजनन केन्द्रको सुरुवात गरिने छ। यसका साथै नश्ल सुधार कार्यक्रमलाई कार्यान्वयन गर्न आवश्यक कार्य गर्दै लगिने छ ।

३१. आधुनिक व्यावसायिक भेडा,बाख्रा,गाई,भैंसी, बंगुर लगायत अन्य *पशुपंक्षी फर्म*को विकास गर्न कृषक समूह फर्मलाई प्रोत्साहान गरिने छ ।

३२. हिउँदमा *पशुहरुको आहारा* आपूर्तिको लागि स्थानीय पोषिला घाँसहरुको पहिचान र संरक्षण तथा त्यस्ता घाँसको नर्सरी व्यवस्थापन गरिने छ ।साथै सुपर नेपियर, निभारा, बडहर, पाखुरी घाँसको उत्पादनलाई बढाउन कृषकहरुलाई प्रोत्साहान गर्दै लगिने छ । उत्पादन भएको घाँसको वीउ गाउँपालिकाले खरिद गरी स्थानीय कृषकहरुलाई अनुदानमा उपलब्ध गराउने छ ।

३३. गाउँपालिकाका प्रत्येक वडामा कृषि तथा पशु स्वास्थ्य सेवाको प्रभावकारिता सुनिश्चत गर्न वडा स्तरमा कृषि तथा पशु प्राविधिक खटाइने छ ।

३४. गाउँपालिका स्तरीय *घुम्ती पशु शिविर* सञ्चालन गर्न आवश्यक कार्यक्रम तय गरी लागू गरिनेछ ।

३५. अनुदान तथा साझेदारीको कार्यक्रममा छनौट भइ सम्झौता गराई कार्यन्वयन नगर्ने व्यक्तिलाई दुई आर्थिक वर्ष अनुदान तथा साझेदारीको कार्यक्रमबाट वन्चित गरिने छ ।

३६. पशु स्वस्थ्य परीक्षणका लागि प्रयोगशालाको व्यवस्था गरिने छ ।

**<u>सहकारी</u>**

१. *'गाउँ गाउँमा सहकारी, घर घरमा रोजगारी* नारालाई सार्थकता प्रदान गर्न सहकारी संस्थाहरुलाई व्यवस्थापन गर्न सहकारी ऐन आवश्यकता अनुसार संसोधन गरी कार्यन्वयन गर्दै लगिने छ ।

२. स्थानीय तहको दीगो र समतामूलक आर्थिक विकास तथा अग्रगामी सामाजिक रुपान्तरणका लागि *सवल र सक्षम सहकारी प्रणाली*लाई विकास गर्न आवश्यक नीति अवलम्बन गरिनेछ ।

३. स्थानीय श्रम, सीप र पूँजीलाई अधिकतम रुपमा परिचालन गर्ने गरी सहकारीलाई *अर्थतन्त्रको एक सबल स्तम्भ*को रूपमा विकसित गर्दै आर्थिक तथा सामाजिक विकासको लक्ष्यमा योगदान पुऱ्याउने नीति अवलम्बन गरिनेछ ।

४. शिक्षा, तालिम र सूचनाको माध्यमबाट *सहकारीको संस्थागत क्षमता विकास* र सहकारी सम्बन्धी जनचेतना अभिबृद्धि गर्ने सम्बन्धमा आवश्यक नीतिहरू अवलम्बन गरिने छ ।

५. कृषि क्षेत्र लगायत अन्य उत्पादन तथा सेवामा आधारित सबै प्रकारका व्यवसायमा *सहकारीलाई क्रियाशील* तुल्याउने नीति अवलम्बन गरिनेछ ।

६. सहकारीको विकास, विस्तार र प्रवर्द्धनको लागि दीर्घकालीन योजना, मानव संशाधन विकास, आवश्यक *संगठन संरचनाहरुको निर्माण* एवम् कानुनी व्यवस्थाहरु तय गर्न आवश्यक नीति अवलम्बन गरिनेछ ।

७. सहकारीको निर्दिष्ट मूल्य र सिद्दान्तहरुको अभ्यास गर्दै प्रभावकारी व्यवस्थापन विधिको अवलम्बन तथा नियमन मार्फत *सहकारी क्षेत्रमा सुशासन* कायम गर्ने नीति अंगीकार गरिनेछ ।

८. महिला, गरीब, अपाङ्ग, सीमान्तकृत, भूमिहीन तथा पिछडिएका वर्ग र श्रमिकहरुका साथै आम नागरिकहरुको जीवनस्तरमा सुधार ल्याउन *सहकारीको पहुँच अभिवृद्धि* गरिनेछ ।

९. गाउँपालिका भित्रका विभिन्न सहकारी संस्थाहरुको अनिवार्य वार्षिक प्रतिवेदन बुझाउने, नवीकरण, दर्ता खारेजीको व्यवस्था मिलाउने साथै कुनै सहकारी संस्थाका पदाधिकारी, सेयर सदस्यहरुबाट आर्थिक हिनामिना गरी निष्कृय रहेका सहकारी संस्थाहरुलाई कानुनी दायरामा ल्याई कारबाही अगाडी बढाईनेछ ।

आ.व. ०७९/८० को वार्षिक नीति तथा कार्यक्रम

१०. गाउँपालिका भित्र रहेका सहकारी संस्थाहरुमा वित्तिय सुशासन कायम गर्नुको साथै पारदर्शिता कायम गरिने छ ।यसका लागि सवै सहकारी संस्थाहरुलाई अनिवार्य अनलाइन प्रणाली COPOMIS लागू गरिने छ ।

**<u>उद्योग</u>**

१. चिचिला गाउँपालिका क्षेत्रमा सञ्चालनमा रहेका घरेलु तथा साना *उद्योगहरुको विवरण अद्यावधिक* गरी उक्त उद्योग व्यवसायको अधिकृत पूँजी, स्वरुप, प्रकृति, क्षेत्रका आधारमा वर्गीकरण गर्ने तथा सञ्चालन र नियमनका लागि आवश्यक नीति अवलम्बन गरिनेछ ।

२. यस गाउँपालिकामा स्थानीय उत्पादन बढाउन रोजगारी सृजना गर्न, आयात व्यवस्थापन गर्न, निर्यात बढाउन, औद्योगिक ग्राम स्थापना गर्नका लागि जग्गा व्यवस्थापन गरी बजेट व्यवस्थापनका लागि प्रदेश सरकार तथा नेपाल सरकार सँग समन्वय गरिने छ ।

३. चिचिला गाउँपालिकाभित्र *घरेलु तथा साना उद्योग*को विस्तार गरिनेछ । स्थानीय सीप, स्रोत र साधनलाई प्रयोग गरी राडीपाखी, खाँडी, अल्लो ढाका जस्ता उत्पादन गर्ने लक्षित वर्गलाई अनुदानको व्यवस्था बजारीकरणका प्रोत्साहान गरिनेछ ।

४. चिचिला गाउँपालिकामा *बाँसजन्य उत्पादन*लाई व्यवसायीकरण गर्न बाँसबाट उत्पादन हुने सामाग्रीको सीपमूलक तालिम सञ्चालन गरिने छ ।

**<u>पर्यटन</u>**

५. चिचिला गाउँपालिकाको पर्यटनको मुख्य पर्यटकीय क्षेत्रहरुको गुरुयोजना तयार गरी नेपाल सरकार तथा प्रदेश सरकार सँग समन्वय गरी बजेट व्यवस्थापन गरी साझेदारीमा निर्माण कार्य अगाडी बढाइने छ ।

६. बलुथाम पर्यटन क्षेत्र देखि देउरालीसम्मको क्षेत्रलाई गुँरास संरक्षण क्षेत्रको रुपमा विकास गर्न आवश्यक पहल गरिनेछ ।

७. पर्यटकीय गन्तव्य स्थलको रुपमा पहिचान गरिएका ठाउँहरुमा पूर्वाधार निर्माण गरी व्यवसायमा लगानी गर्न सहकारी र निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ । यसका लागि पर्यटन व्यवसायी र युवाहरुलाई पर्यटन उद्योगमा आकर्षित गर्न आवश्यक तालिम र सहुलियत ऋण उपलब्ध गराइनेछ ।

८. मकालु हिरक पार्क निर्माणलाई उच्च प्राथमिकता दिई नेपाल पर्यटन बोर्ड, होटल एसोसियसन नेपाल, नेपाल माउन्टेनरिङ एसोसियशन, ट्रेकिङ एजेन्सिज एसोसियशन अफ नेपाल, नेपाल एसोसियशन अफ टुर एण्ड ट्राभल एजेण्टस्सँग आवश्यक समन्वय गरिनेछ ।

९. चिचिला गाउँपालिकामा रहेका ऐतिहासिक तथा पर्यटकीय क्षेत्रहरुलाई जोड्ने यातायात र पदमार्गहरुलाई व्यवस्थित गरिनेछ ।

१०. पोखरी गाँउको पन्चकन्या देवी पोखरी, चुच्चे ढुंगा पदमार्ग तथा सडक निर्माण कप्दानेपोखरी धार्मिक वन लगायत डी. पी. आर गर्न बाँकी पर्यटकीय क्षेत्रको डी. पी. आर गरी निर्माण कार्यका लागि आवश्यक बजेट व्यवस्थापन गरिने छ ।

११. चिचिला गाउँपालिकाको सामाजिक साँस्कृतिक विकासका लागि होम स्टेको अवधारणालाई सुरुवात गर्न आवश्यक कदम अगाडि बढाइनेछ ।साथै विभिन्न पर्यटकीय स्थलहरुलाई पिकनिक स्पटको रुपमा विकास गरी गाँउपालिकाको आन्तरिक आयको दायरालाई समेत बढाइने छ ।

१२. डीपीआर भैसकेका चिचिला ठूलो देउराली छ्याङकुटी पदमार्ग र धूवाँ छाँगा, नगदह, चमेरे गुफाको निर्माण कार्यका लागि बजेट व्यवस्थापन गर्न प्रदेश सरकार तथा नेपाल सरकार सँग आवश्यक समन्वय गरिने छ ।

<u>रोजगार प्रवर्द्धन</u>

१. स्वरोजगार कार्यक्रमलाई प्रोत्साहन गरी स्थानीय उद्यमशिलतालाई जोड दिने कार्यक्रमहरुलाई मुख्य प्राथमिकतामा राखिनेछ ।

२. गाउँपालिकाबाट आ.व. २०७९।०८० मा वार्षिक बजेट विनियोजन गर्दा प्रत्यक्ष रोजगारी सिर्जना हुने योजना तथा कार्यक्रमहरुलाई उच्च प्राथमिकता प्रदान गरिनेछ ।

३. गाउँपालिकाबाट विनियोजित योजनाहरुबाट प्रत्यक्ष स्थानीयबासीमा रोजगारी सिर्जना हुने लाभन्वित हुने अवस्थामा उक्त आयोजनाहरु उपभोक्ता समितिबाट सञ्चालन गरिनेछ ।

४. गाउँपालिकाबाट स्वीकृति प्राप्त गरी विभिन्न क्षेत्रहरुमा सीप तथा क्षमतामूलक कार्यक्रमहरु सञ्चालन गर्ने प्रस्तावना पेश भएको खण्डमा उक्त कार्यक्रम सञ्चालन गरिने क्षेत्रहरुसँग समन्वय गरेर दोहोरोपन नआउने गरी क्षेत्र निर्धारण गरिनेछ ।

५. वैदेशिक रोजगारबाट आर्जित पूँजी, सीप, अनुभवको प्रयोग गरी स्वदेशमा उद्यमशीलता प्रवर्द्धन क्षेत्रमा लगानी गरी योगदान दिने उद्यमीलाई प्रोत्साहित गरिनेछ ।

आ.व. ०७९/०८० को वार्षिक नीति तथा कार्यक्रम

**<u>गरीबी न्यूनीकरण</u>**

१. नेपालको संविधानमा उल्लिखित जनताको मौलिक हक तथा सम्वद्ध नीतिहरुको साथै दीगो विकासका लक्ष्य अनुसार गरीबी हटाउने कार्यको लागि समेत चिचिला गाउँपालिकाले *आवश्यक रणनीति र कार्यनीति* तय गरी कार्यक्रमहरु सञ्चालन गरिने छ।

२. यस गाउँपालिकालाई गरिबीमुक्त गाउँपालिकाको रुपमा विकास गर्न विकासका साझेदार तथा सरोकारवाला निकायहरु सँग सहकार्य गरी लक्षित कार्यक्रम सन्चालन गरिनेछ ।

३. गरिव घर परिवारलाई स्थानीय मानक समेत रहने गरी *गरिबी परिचय पत्र*को व्यवस्था गरिनेछ । सो परिचयपत्र धारकहरुलाई कार्यविधि तय गरी क्षमता अभिवृद्धि, पूँजीगत अनुदान तथा रोजगारी दिइनेछ । अनुदान, सेवा सुविधा वा सहुलियतलाई कामसँग आवद्ध गरिनेछ ।

४. गाउँपालिकाले दक्ष जनशक्ति उत्पादन गर्नका लागि कानुन बनाइ लगानी गर्ने नीति अवलम्वन गर्ने छ ।

**<u>सामाजिक विकास सम्बन्धि नीति</u>**

**<u>शिक्षा तथा खेलकुद</u>**

१. चिचिला गाउँपालिका भित्र रहेका विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारका लागि आवश्यक वजेट व्यवस्थापन गर्नुको साथै अनुगमनलाई प्रभावकारी बनाइनुको साथै विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, प्रधानाध्यापक, अभिभावक विच निरन्तर अन्तरक्रियाको व्यवस्था गरिने छ ।

२. चिचिला गाउँपालिकाले शिक्षा क्षेत्रलाई समृद्धिको आधारको रुपमा ग्रहण गर्दै एक स्थानीय तह एक नमुना विद्यालयको अवधारणालाई कार्यान्वयन गर्न आवश्यक कार्यक्रम तर्जूमा गरी लागू गरिनेछ ।

३. चिचिला गाँउपालिका क्षेत्र भित्र सबै विद्यालयहरुमा इन्टरनेटको व्यवस्था गर्दै लगिने छ ।साथै प्रविधिको उचित प्रयोग गर्ने दुरुपयोगको न्यूनीकरण गर्न सचेतनामूलक कार्यक्रम सन्चालन गरिने छ ।

४. विद्यालयहरुमा शिक्षकहरुको नियमितता तथा प्रभावकारीता शिक्षण सिकाई क्रियाकलापको लागि विद्यार्थी चेक लिष्ट तथा इ-हाजिरी क्रमागत रुपमा विद्यालयहरुमा लागु गरिदै लगिनेछ ।

५. शिक्षाको अवधारणालाई कार्यमूलक बनाउदै बालमैत्री शैक्षिक वातावरण कायम गर्न सम्वन्धित शैक्षिक सरोकारवालासँग संयुक्त योजनासहित सहकार्य र समन्वयको नीति लिईनेछ ।

६. बिद्यालयलाई प्रदान गरिने बिभिन्न अनुदान रकमहरुलाई लक्षित बर्गसम्म पुऱ्याउन आर्थिक पारदर्शिताको नीति अवलम्वन गरिनेछ र बिद्यालयको सामाजिक परिक्षणलाई अनिवार्य र प्रभावकारी बनाई कार्यान्वयन गरिनेछ ।

७. सरकारी तथा गैर सरकारी संघ संस्थाहरुको सहकार्य र समन्वयमा बिद्यालय बाहिर रहेका बिद्यालय उमेरका बालबालिकाहरुको पहिचान गरी उनीहरुलाई औपचारीक शिक्षाको मुल प्रवाहमा समेट्न बिभिन्न खालका सिर्जनात्मक र रचनात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

८. बस्ती बस्तीमा निरक्षर जनसंख्याको पहिचान गरी अनौपचारीक शिक्षा संचालन गरिनेछ ।

९. गाउँपालिका भित्रका विद्यालयहरुमा मातृभाषा शिक्षाको शुरुवात गरिने छ ।

१०. यस गाउँपालिका अन्तर्गतका बिद्यालयहरुलाई गाउँपालिका स्तरीय खेलकूद् तथा अतिरिक्त क्रियाकलाप संञ्चालन गर्न गराउन प्राथमिकता तथा प्रोत्साहन दिइनेछ ।

११. यस गाउँपालिकामा रहेका सबै बिद्यालय तथा बाल विकास केन्द्रलाई स्तरबृद्धि गरी शिक्षकहरुलाई क्षमता विकासको लागि सरोकारवालासँग आवश्यक पहल गरिनेछ ।

१२. शैक्षिक क्षेत्रलाई राजनीतिक हस्तक्षेपमुक्त गराइनेछ । चिचिला गाउँपालिकाका विद्यालयहरुलाई शान्ति क्षेत्र बनाइनेछ । विद्यालय शिक्षकको विषयगत गुणस्तर मापदण्ड तयार गरिनेछ ।

१३. सूचना प्रविधिमैत्री अध्ययन अध्यापन कार्यलाई प्रोत्साहन गर्न आवश्यक पूर्वाधारको व्यवस्था गरिनेछ । आगामी पाँच वर्षभित्रमा सबै विद्यालयहरुमा इन्टरनेट सेवा पुऱ्याइनेछ ।

१४. गाँउपालिका भित्र माध्यमिक विद्यालयहरु मध्ये SEE परीक्षामा उत्कृष्ट अंक प्राप्त गर्ने चार जना विद्यार्थीलाई विज्ञान विषयमा उच्चशिक्षाको लागि छात्रवृतिको लागि व्यवस्था गरिनेछ ।

१५. गाउँपालिका भित्रका विभिन्न कारणले आमाबुवा गुमाएका वालबालिकालाई निःशुल्क उच्च शिक्षाको व्यवस्थापन गरिनेछ ।

आ.व. ०७९/०८० को वार्षिक नीति तथा कार्यक्रम

१६. विद्यालयहरुमा स्थानीय पाठ्यक्रम निर्माण गरी पठपाठनको व्यवस्था मिलाइने छ ।

१७. निजी स्तरमा विद्यालय सन्चालन गर्न अनुमति दिने व्यवस्था मिलाइ सकरात्मक प्रतिस्पर्धाको वातवरण निर्माण गर्न प्रोत्साहन गरिनेछ ।

१८. विद्यालयमा कार्यरत कार्यालय सहयोगी बाल सहजकर्ता, विद्यालय कर्मचारीलाई नेपाल सरकारले तोकेको न्यूनतम तलब ब्यवस्था गरिने छ ।

१९. गाउँपालिका भित्रका सवै विद्यालयहरुको आर्थिक कारोवारको पारदर्शिता कायम गरी जवाफदेहिता कायम गर्न सवै विद्यालयहरु सम्पूर्ण आर्थिक कारोवारको प्रतिवेदन वडा कार्यालय र गाउँपालिकाको कार्यालयमा अनिवार्य पेश गर्नु पर्ने व्यवस्था गरिने छ ।

२०. विद्यालयमा अविभावकहरुबाट स्थापना गरिएको अक्षयकोष तथा विद्यालयको चल, अचल सम्पतिको संरक्षण व्यवस्थापन र सार्वजनिकीकरणका लागि आवश्यक कानुन तर्जुमा गरी कार्यन्वयन गरिने छ ।

२१. एक नानी एक वोतल पानीको प्रयोग अभियानलाई सवै विद्यालयमा लागू गरिने छ ।

२२. विद्यालयमा खाजाका लागि जंक फुड निरुत्साहित गरी स्थानीय उत्पादनलाई प्राथमिकता दिने नीति अवलम्वन गरिने छ ।

२३. गाउँशिक्षा योजना तर्जुमाका लागि आवश्यक पहल गरिने छ ।

२४. विद्यालयहरुको भौतिक संरचना संरक्षणका लागि आवश्यक पहल गर्दै लगिने छ ।

२५. अन्तरपालिका स्तरीय खेलकुद प्रतियोगिताका लागि वजेट व्यवस्थापन गर्दै लगिने छ ।

<u>स्वास्थ्य</u>

१. आधारभूत स्वास्थ्य सेवा निःशुल्क पाउने नागरिकको मौलिक हक सुनिश्चित गरिनेछ । स्थानीय सरकारद्धारा ८० वर्ष पुगेका जेष्ठ नागरिक र गर्भवती महिलाहरुलाई प्रसुतिका लागि अस्पताल सम्म लैजान निःशुल्क एम्बुलेन्स सेवा प्रदान गरिनेछ।

२. गाउँपालिका भित्र सवै वडाको आधारभूत स्वास्थ्य संस्थाहरु आवश्यकता अनुसारको औषधी उपकरण र स्वास्थ्यकर्मी व्यवस्था गर्दै लगिनेछ ।

३. वडाकेन्द्रसम्म प्राथमिक उपचारको लागि आउन समस्या भएको टोल वस्तीमा आधारभूत स्वास्थ्य इकाइ निर्माण गरी औषधीको व्यवस्थापन गर्ने साथै उपचारको लागि दक्ष स्वास्थ्यकर्मी व्यवस्थापन गर्दै लगिने छ ।

४. गाउँपालिकाको केन्द्रमा ५ सैय्या भएको आधारभूत अस्पताल निर्माण पश्चात , एम्बुलेन्स सहितको दक्ष चिकित्सक, स्वास्थ्यकर्मी लगायत आवश्यक स्वास्थ्य उपकरण तथा सामाग्री सहित स्थानीय स्तरमै गुणस्तरीय स्वास्थ्य सेवा दिने व्यवस्था मिलाइने छ ।

५. साविक मत्स्यपोखरी गाविस र दिदिङ्ग गविस क्षेत्रमा स्वास्थ्य चौकी र वडा निगरानीमा रहनेगरी एक एक वटा एम्बुलेन्स व्यवस्था गरि सवै चिचिलावासीहरुको स्वास्थ्य सेवामा सरल एवम् सहज पहुचको सुनिश्चित गरिने छ ।

६. विपन्न नागरिकलाई मुटुरोग, मृगौला रोग, क्यान्सर जस्ता दिर्घ रोग भएका नागरिकहरुलाई रोगका प्रकृति/ आर्थिक अवस्था अनुसार उपचार गर्नका लागि उचित आर्थिक सहयोग गरिनेछ ।

७. पालिकाभित्र रहेका स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य सेवा केन्द्र, गाउँघर क्लिनिकहरुमा आवश्यक सेवा विस्तार भइसकेकोमा थप सुधार गर्दै लगिनेछ ।

८. यस गाउँपालिकालाई पूर्ण सरसफाई घोषणा गर्न यस गाउँपालिकाका सबै वडा र बस्तीहरुमा खानेपानी तथा शौचालयहरुको अनुगमन तथा निरीक्षण गरी आवश्यक ब्यवस्थापन गर्न पहल गरिनेछ ।

९. अन्तर्राष्ट्रिय दातृ निकायहरु तथा विकासका साझेदार निकायहरु सँग आवश्यक समन्वय गरी एम्बुलेन्स सेवालाई चिचिला गाउँपालिकामा सुचारु गरिनेछ ।

१०. गाउँपालिकामा स्वास्थ्य बीमा कार्यक्रमलाई उच्च प्राथमिकता दिइनेछ ।राष्ट्रिय बीमा बोर्डबाट स्वास्थ्य वीमा कार्यक्रम सुरु भइसकेको सन्दर्भमा स्वास्थ्य बीमाबाट लाभ लिनका लागि स्वस्थ्य वीमा गर्न प्रचार प्रसार तथा आवश्यक सहजीकरण गरिने छ ।

११. ख र ग वर्गका अपांगता भएका व्यक्तिहरुलाई निशुल्क स्वास्थ्य वीमाको व्यवस्था गरिने छ ।

१२. चिचिला गाउँपालिकामा स्वास्थ्य प्रयोगशाला निर्माणको सम्भाव्यता अध्ययन सुरु गरी सञ्चालन गर्न आवश्यक नीति तय गरिनेछ ।

१३. स्वास्थ्य संस्थाका कर्मचारीहरुलाई आवश्यक पर्ने तालिम दिई दक्ष बनाउदै लगिने छ ।

१४. महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिका लागि स्वास्थ्यमा सहज पहुच विस्तार गर्दै लगिने छ ।

आ.व. ०७९/८० को वार्षिक नीति तथा कार्यक्रम

१५. सुर्तिजन्य पदार्थ, मादक पदार्थ, अस्वस्थ खानपान, जीवनशैलीको कारण उत्पन्न हुने नसर्ने रोग महामारीजन्य रोग नियन्त्रणका लागि जनचेतनामूलक कार्यक्रमहरु सन्चालन गर्दै लगिने छ ।

**खानेपानी**

१. खानेपानी आयोजनाहरु सञ्चालन गर्दा विगतमा सुरु गरिएका क्रमागत आयोजनाहरुलाई प्राथमिकता राख्दै थप सम्भावना र आवश्यकतालाई मध्यनजर गरी कार्यक्रम तर्जुमा गरी वजेट व्यवस्थापनका लागि नेपाल सरकार तथा प्रदेश सरकार सँग समन्वय गरिनेछ ।
२. गाउँपालिकाबाट सञ्चालित खानेपानी आयोजनाहरुको अपनत्व बोध गराउन उपभोक्ताहरुको लागत सहभागिता सुनिश्चित गरिनुका साथै मर्मत सम्भार गर्न खाने पानीको दिगो व्यवस्थापन गर्न समितिलाई क्रियाशील गराइनेछ ।
३. चिचिला गाउँपालिकाका जनतालाई स्वच्छ, सफा, गुणस्तरीय र दीगो रुपमा व्यवस्थापन हुने खालको खानेपानी र उचित सरसफाइको व्यवस्था मिलाइनेछ ।
४. चिचिला गाउँपालिकाभित्र एक घर एक धाराको व्यवस्था गरिनेछ । सुख्खाग्रस्त क्षेत्रमा लिफ्टिङ खानेपानी योजना अघि बढाइनेछ ।
५. खानेपानीको मुहानको दिगो व्यवस्थनका खानेपानी उपभोक्ता समिति गाउँपालिकामा दर्ता गरी निज समितिले अनिवार्य रुपमा समितिको नाममा खानेपानीको स्रोत दर्ता गर्ने व्यवस्था गरिने छ ।

आ.व. ०७९/०८० वार्षिक नीति तथा कार्यक्रम

**<u>सूचना तथा सञ्चार प्रविधि</u>**

१. डिजिटल चिचिला गाउँपालिकाको अभियानलाई साकार पुऱ्याउन प्रत्येक वडाहरुमा इन्टरनेट सेवा जडान भइसकेको छ । सो को स्तरवृद्धी गर्दै सामुदायस्तर सम्म इन्टरनेटको पहुच विस्तार गरिनेछ ।

२. सूचना तथा सञ्चार प्रविधि सम्बन्धी सेवाहरु, रेडियो, टेलिभिजन प्रसारणको व्यापक पहुँच एवम् विस्तार सुनिश्चित गर्न कार्यक्रम तर्जुमा गरी लागु गरिनेछ ।

३. विकास एवम् सार्वजनिक सेवा प्रवाह सम्बन्धी चुनौति सामना गर्न सूचना तथा प्रविधिमा आधारित नवीनतम तथा मौलिक प्रयोग (Innovative Use) प्रवर्द्धन गर्न विशेष कार्यक्रम लागु गरिनेछ ।

४. चिचिला गाउँपालिकामा सर्भरको विकासका लागि सम्भाव्यता अध्ययन गरी यथासक्य प्रयोगमा ल्याइनेछ ।

५. शैक्षिक क्षेत्रमा सूचना तथा सञ्चार प्रविधिलाई समायोजन गर्दै तालिम तथा शैक्षिक गुणस्तर अभिवृद्धिको लागि विशेष कार्यक्रमहरु तर्जुमा गरी लागू गरिनेछ ।

६. निजी क्षेत्र समेतको सहभागितामा समय सान्दर्भिक सफ्टवेयरहरुको निर्माण गरी कार्यालयमा सञ्चालनमा ल्याई भर्चुअल (Virtual) चिचिला गाँउपालिका बनाईनेछ ।

७. गाउँपालिकामा विभिन्न सभा तथा सेमिनारहरुमा प्रोजक्टरलाई विस्थापित गरी इन्टरएक्टिभ ह्वाइटबोर्ड (Interactive Whiteboard) को प्रयोगलाई विस्तार गरिनेछ ।

८. कार्यालयको गतिविधिहरुलाई निरन्तर सूचना प्रवाह गर्न सामाजिक सञ्जालहरु फेसबुक, ट्विटर, युट्युबमा आधिकारिक एकाउण्ट खोली प्रयोगमा ल्याइएको छ ।यसलाई अझ प्रभावकारीहरु बनाउन पहुच विस्तार गर्दै लगिने छ ।

९. Paperless Office को अवधारणालाई लागु गर्न गाउँपालिकामा हुने तथा गरिने सम्पूर्ण क्रियाकलापहरुको सफ्ट कपि सूचना तथा अभिलेख केन्द्रमा डिजिटल भण्डारण गरिने व्यवस्था मिलाइनेछ ।

१०. चिचिला गाउँपालिकाका लोगो तथा पालिका स्तरीय गीत स्वीकृत निर्माण भइसकेकोमा अनिवार्य प्रयोगमा ल्याइने छ ।

११. सञ्चारको माध्यमलाई व्यवस्थापन गर्न, सूचना प्रवाह गर्न यस गाउँपालिकाको वेबसाइटलाईचुस्त दुरुस्त बनाईनेछ ।

आ.व. ७९/८० को वार्षिक नीति तथा कार्यक्रम

१२. विकास निर्माणका सम्पूर्ण गतिबिधिहरुलाई रेडियो तथा पत्रपत्रिका मार्फत प्रचार प्रसार एवं जानकारी गराइनेछ ।

१३. अभिलेख व्यवस्थापनमा नवीनतम सूचना प्रबिधिको प्रयोग गरिनेछ ।

<u>विपद व्यवस्थापन</u>

१. चिचिला गाउँपालिका भित्र *जहाँ विपद त्यहाँ स्थानीय सरकार* को नीति अवलम्बन गर्दै विपद् भएका स्थानहरुमा तत्काल उद्धार, न्यायपूर्ण राहत वितरण, पीडितको दिर्घकालीन व्यवस्थापन गर्दै लानुको साथै विकासका सवै आयमहरुमा उत्थानशील विकासको अवधारणालाई कार्यन्वयन गर्दै लगिने छ ।

२. चिचिला गाउँपालिकाको जोखिम क्षेत्रको पहिचान गरी तथ्याङ्क संकलन गरी  सुरक्षित वस्ती व्यवस्थापनका लागि पहल गर्ने छ ।

३. विपद्को दिगो व्यवस्थापनको लागि विपद व्यवस्थापन कोष को व्यवस्था गर्नुको साथै विपद व्यवस्थापन सम्बन्धी कानुन तर्जुमा गर्दै लगिने छ ।

४.  विपदको प्रभावकारी व्यवस्थापनका लागि विपद् व्यवस्थापन समितिलाई  गरी जिम्मेवारका साथ अगाडी बढाइनुको साथै विपद व्यवस्थापन हेर्नको लागी एक जना कर्मचारी सहित वातावरण तथा विपद् व्यवस्थापन शाखा रहने गरी व्यवस्था गर्दै लगिने छ ।

५. विपद् जोखिम क्षेत्रहरु सामुदायिक वन, धार्मिक वन, नीजि वन, वस्तीमा वृक्षरोपण गरी पहिरो, भूक्षयलाई न्यूनीकरण  गरिने छ ।

६. वर्षातको समयमा भूक्षय हुन नदिन ताल, तलौया ,पोखरी, खोला खोल्सा किनारमा वृक्ष रोपण गर्ने कार्य अगाडी बढाइने छ ।

७. विभिन्न प्रकारका विपदबाट कृषि तथा पशुधनमा हुन सक्ने क्षतिको जोखिम न्यूनीकरणका लागि कृषि तथा पशुपन्छी बीमा अनिवार्य गरिनेछ ।

८. विपदको उचित व्यवस्थापनको लागि टोल विकास संस्था गठन गरी जिम्मेवारी बनाइने छ । आवश्यकता अनुसार स्वयंसेवक छनौट गरी विपद व्यवस्थापन सम्बन्धी तालिमको व्यवस्था गरिने छ ।

९. विपदको समयमा मानव धनजनको क्षति हुन नदिन अति जोखिम तथा संवेदनशील ठाउँबाट सुरक्षित स्थानमा तत्काल सुरक्षित स्थानमा स्थानन्तरण गर्न र उचित राहतको व्यवस्थानको नीति अवलम्बन गरिनेछ ।

१०. विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना जोखिम न्यूनिकरण सम्बन्धी कार्ययोजना बनाई कार्यान्वयनमा ल्याइनेछ ।

११. विपद् व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय समुदाय, संघ संस्था, निजी क्षेत्रसँगको सहयोग, समन्वय र सहकार्य गरिनेछ ।

१२. विपदको प्रभावकारी व्यवस्थापनका लागि छुट्टै विपद् कोषका स्थापना तथा सञ्चालन र स्रोतको साधनको परिचालन गरिनेछ ।

१३. विपद् न्यूनीकरण सम्बन्धी पूर्व सूचना प्रणाली सम्बन्धी कार्यक्रमको तर्जुमा र कार्यान्वयन गरिनेछ ।

१४. विपद् जोखिम क्षेत्रको नक्साङ्कन गरी त्यस्ता जोखिम युक्त क्षेत्रबाट मानव वस्ती सुरक्षित क्षेत्रमा स्थानान्तरण गरिनेछ ।

आ.व. ०७९/०८० को वार्षिक नीति तथा कार्यक्रम

**राजस्व परिचालन तथा व्यवस्थापन**

१. चिचिला गाउँपालिका भित्र रहेका सवै प्रकारका जग्गाको विवरण संकलन गरी कानुनको दायरामा ल्याइने छ ।

२. गाउँपालिका भित्र परापूर्व कालदेखी भोगचलन गर्दै आएको दर्ता नभएको, २०५० सालमा नाप नक्सा भई दर्ता छुट भएको फिल्ड बुकमा नाम भएको जग्गाको दर्ता भएको जग्गाको भन्दा ५० प्रतिशत कम कर उठाउने व्यवस्था मिलाइने छ । उक्त जग्गाको कानुन बमोजिम नेपाल सरकार सँग समन्वय गरी दर्ता प्रक्रिया अगाडी बढाइने छ ।

३. गाउँपालिकाले कर प्रणालीमा स्वयं घोषणा कर पद्धति अवलम्वन गर्ने नीति अवलम्वन गर्ने छ ।

४. आर्थिक वर्ष भित्र तोकिएको समय अगावै कर बुझाउने करदातालाई निश्चित प्रतिशत छुट तोकिएको समय भन्दा पछी कर वुझाउने वा नवुझाउने करदातालाई जरिवानाको व्यवस्था गरी कानुनको दायरामा ल्याइने छ ।

५. संघीय वित्त संरचनालाई सुदृढ र सबल बनाउने राष्ट्रिय नीतिलाई टेवा पुऱ्याउन समृद्ध अर्थतन्त्र निर्माणका लागि स्थानीय राजस्व नीति अवलम्वन गरिनेछ ।

६. करको दर बढाउनु भन्दा करको दायरा विस्तारलाई प्राथमिकता दिई कराधारलाई थप फराकिलो बनाउँदै लगिनेछ ।

७. करदाता तथा आम नागरिकका लागि सूचनामूलक एवम् सचेतना अभिवृद्धि सम्बन्धी करदाता शिक्षा कार्यक्रमलाई निरन्तर रुपमा सञ्चालन गरिनेछ ।

८. प्रत्येक वडामा बाल विटौरी कर को स्रोत पहिचान गरी करको दायारामा ल्याउने व्यवस्था मिलाइने छ।

९. चिचिला गाउँपालिकाले प्रवाह गर्ने सेवा सुविधा, विकास निर्माण लगायतका विषयलाई करदाताको कर दायित्व सँग आवद्ध गर्दै लगिने छ ।

१०. सार्वजानिक धार्मिक, पर्यटन क्षेत्रमा भौतिक पूर्वाधार निर्माण सम्पन्न गरी गाउँपालिकाको राजस्वको स्रोतको रुपमा विकास गर्दै लगिने छ । यस्ता पर्यटकीय स्थलहरु संचालन तथा व्यवस्थापन गर्नका लागि सार्वजनिक नीजि साझेदारी विधि अवलम्वन गरिने छ । ।

११. चिचिला गाउँपालिका भित्र रहेका सामुदायीक वन व्यवस्थापन गरी करको दायरा विस्तार गर्दै लगिने छ ।

१२. गाउँपालिकामा उठेको राजस्व उचित लेखांकन गरी अभिलेखीकरण, आवधिक प्रतिवेदन सार्वजनिकीकरण तथा उचित परिचालन गर्ने नीति अवलम्वन गरिने छ ।

१३. पालिका भित्र लाग्ने स्थानीय हाट बजारलाई करको दायरामा ल्याइने छ ।

१४. पालिका भित्र रहेको वडाहरु मध्ये लक्ष्य बमोजिम बढी राजश्व संकलन गरे बापत आगामी आर्थिक बर्षमा प्रोत्साहान स्वरुप थप योजना दिइने वा वडा सिलिङ बढी दिने नीति अवलम्वन गरिने छ ।

१५. टोल विकास संस्था समिति गठन गरी राजस्व संकलन गर्न टोल स्तरमा पहल गर्ने कार्यमा जिम्मेवारी बनाइने छ ।

१६. गाउँपालिका क्षेत्रमा करको दायरालाई फराकिलो पार्न यस क्षेत्रमा पाइने वन पैदावार, घरेलु उत्पादित वस्तु तथा सामाग्री, अन्तर्राष्ट्रिय आयात निर्यातका वस्तुहरु, ढुङ्गा, गिटी, बालुवाको प्रयोगलाई करको दायरामा ल्याइनेछ ।

१७. चिचिला गाउँपालिका क्षेत्रका सबै व्यवसायीहरुलाई अनिवार्य व्यवसाय दर्ता गराई करको दायरामा ल्याइनेछ ।

१८. गाँउपालिका अन्तर्गत पर्न मुख्य सडकहरुमा सडक उपभोग कर सवारी (साधनको पटके कर) उठाई आन्तरिक आयको दायरालाई बढाइने छ।

१९. करको बारेमा जानकारी दिन स्थानीय पाठ्यक्रममा कर प्रणाली सम्बन्धी बिषय समावेश गर्न आवश्यक समन्वय गरिनेछ ।

२०. चिचिला गाउँपालिका भित्र रहेका संघ, संस्था, समूह, व्यक्तिलाई स्थायी लेखा नम्बर लिन प्रोत्साहान गरिने छ ।

**न्याय सम्पादन सम्बन्धि नीति**

१. आधारभूत न्यायमा नागरिकको पहुँच अभिवृद्धि गर्न न्यायिक पहुँच सम्बन्धी कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

२. मेलमिलापको माध्यमबाट स्थानीय विवादमा विषयहरु निरुपण गर्ने प्रक्रियालाई बढावा दिइनेछ ।

३. न्यायिक इजलासलाई व्यवस्थित गर्दै स्थानीय तहमा न्यायसम्पादनलाई चुस्त, दुरुस्त र अनुमानयोग्य तुल्याउन आवश्यक रणनीति, कार्यनीति अवलम्बन गरिनेछ ।

४. वडा स्तरमा मेलमिलाप समिति गठन गरी न्यायमा सहज पहुचको सुनिश्चित गरिने छ ।

**भवन तथा भवन संहिता**

१. चिचिला गाउँपालिकामा अपांगमैत्री, बालमैत्री, दीगो शहरी विकासको लागि भवन निर्माण मापदण्ड तथा भवन संहिता तयार गरी लागु गरिनेछ ।

२. नयाँ भवन निर्माण गर्दा भूकम्प प्रतिरोधी र काठको मात्रा कम हुने गरी लागत अनुमान (Design estimate) तयार गरिनेछ ।

३. भू-कम्पको जोखिमलाई मध्यनजर गरी नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको वस्ती विकास सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मार्गदर्शन, २०७२ लाई सार्वजनिक भवनहरुमा अनिवार्य लागु गरिनेछ भने नीजी भवनहरुमा क्रमिक रुपमा लागु गरिनेछ ।

४. गाउँपालिकामा बन्ने सार्वजनिक, संस्थागत तथा नीजि भवन संरचनाको नक्शा पास गर्नुपर्ने प्रावधानलाई तुरुन्त लागु आवश्यक कानुन तर्जुमा गरी कार्यन्वयनमा ल्याइने छ।

## भू-उपयोग

१. जमिनको स्वरुप, प्रकृति तथा जलवायुको आधारमा वर्गीकरण गरी भू-उपयोगको वैज्ञानिक नीति अवलम्बन गरिनेछ ।

२. चिचिला गाउँपालिकाको समग्र भूमिलाई आधारभूत रुपमा कृषि क्षेत्र, आवासीय क्षेत्र, व्यवसायिक क्षेत्र, औद्योगिक क्षेत्र, धार्मिक वन क्षेत्र, साँस्कृतिक तथा पुरातात्विक क्षेत्र, पर्यटन क्षेत्र, नदी तथा तालतलैया क्षेत्र, वन क्षेत्र, सार्वजनिक उपयोग तथा खुला क्षेत्र, निर्माण सामाग्री (ढुंङगा, बालुवा, गिट्टी) उत्खनन क्षेत्र लगायतका विभिन्न भू-उपयोगका क्षेत्रहरु (Land Use Zone) मा वर्गीकरण गरिनेछ ।

३. स्वच्छ, सुन्दर, सुविधा सम्पन्न तथा सुरक्षित वस्ती विकास र योजनावद्ध एवं दीगो शहरीकरण सुनिश्चित गरिनेछ ।

४. वन तथा अन्य प्राकृतिक सम्पदाको संरक्षण एवम् समुचित उपयोग सुनिश्चित गरिनेछ ।

५. भू- उपयोग योजना सम्बन्धी सूचना प्रणालीको विकास गरिनेछ ।

## वस्ती विकास

१. एकीकृत वस्ती विकासको अवधारणा अनुरुप वस्ती विकास कार्यक्रम तय गरी लागु गर्न दीर्घकालीन रणनीति बनाइनेछ ।

२. स्वच्छ, सुन्दर, सुबिधा सम्पन्न तथा सुरक्षित वस्ती विकास र योजनावद्ध एवं दीगो शहरीकरण सुनिश्चित गरिनेछ ।

## अनुगमन

१. चिचिला गाँउपालिकाको योजना तथा कार्यक्रमहरु तोकिएको समयमै सम्पन्न गर्न, गुणस्तरीयता तथा लक्षित वर्गको लाभको सुनिश्चत गर्नुको साथै योजना तथा कार्यक्रमको दिगोपनाको सुनिश्चित गर्न चिचिला गाउँपालिकाबाट सञ्चालन भएका सम्पूर्ण योजना तथा कार्यक्रमहरुको अनुगमन कार्यलाई अझ प्रभावकारी वनाउदै लगिने छ ।

२. अनुगमन सम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाउन सम्बन्धित लाभग्राहीहरु, नागरिक समाज तथा सरोकारवालाहरुको भूमिकालाई पनि वढाउदै लगिने छ ।

आ.व. ०७९/०८० को वार्षिक नीति तथा कार्यक्रम

३. अनुगमन तथा मूल्यंकनबाट प्राप्त प्रतिवेदनलाई नियमित रुपमा समीक्षा गरी  पृष्ठपोषणलाई कार्यन्वयन गर्दै लगिने छ ।

**<u>वन तथा वन्यजन्तु</u>**

१. उपलब्ध बन क्षेत्रबाट चिचिला गाउँपालिकाको कुल ग्राईस्थ उत्पादनमा सार्थक योगदान हुने सक्ने यथार्थलाई स्वीकार गर्दै वन क्षेत्रबाट रोजगारी सृजना गर्ने गरी एक बन एक उपभोक्ता समुहको स्थापना गरिनेछ ।
२. चिचिला गाउँपालिकामा रहेका वन क्षेत्रलाई संरक्षण र संबर्द्धन कार्यक्रम संचालन गरी पर्यटकीय गन्तव्य क्षेत्रको रुपमा विकास गरिनेछ ।
३. चिचिला गाउँपालिकाको समृद्धिको लागि वन जंगलको सदुपयोग गर्ने नीति अगाडि बढाइनेछ । वैज्ञानिक वन व्यवस्थापनको कार्यक्रम अन्तर्गत वनजन्य पदार्थ उत्पादन र सदुपयोग गर्ने कार्यक्रम अघि बढाइनेछ ।
४. चिचिला गाँउपालिका भित्र जडिबुटी लगायतका वन पैदावरमा आधारित उद्योग स्थापना गरिनेछ । यस्ता उद्योगमा सरकारी, निजी, सहकारी र समुदायिक साझेदारी रहनेछ ।
५. विकासात्मक गतिविधिहरु सञ्चालन गर्दा सडकको दाँया वाँया क्षेत्रहरुमा वृक्षरोपण अभियानलाई लागु गरिनेछ ।
६.  सामूदायिक वन तथा धार्मिक वन व्यवस्थापनलाई थप पारदर्शी, जवाफदेही, उत्तरदायी र समावेशी बनाई सक्षम बनाइनेछ ।
७. दीगो वन व्यवस्थापनद्वारा वन क्षेत्रको उत्पादकत्व र वन पैदावरको उत्पादन वृद्धि गरिनेछ ।
८. जैविक विविधता र स्रोतको संरक्षण लगायत वातावरणीय सेवाबाट प्राप्त हुने लाभ वृद्धि गर्दै न्यायोचित वितरण सुनिश्चित गरिनेछ ।
९. निजी क्षेत्रलाई वन विकास तथा विस्तारमा संलग्न गराउँदै वनजन्य उद्यमको प्रवर्द्धन, उत्पादनको विविधिकरण र बजारीकरणबाट मूल्य अभिवृद्धि र हरित रोजगारी सिर्जना गरिनेछ ।
१०. वृक्षरोपण कार्यक्रम सञ्चालन गर्दा तितेचाप, पाखासाँच, रानी चाप, लामपाते, साल, बेत, लालिगुराँस, चिमल, लौठसल्ला, धुपी, पाउलेनिया, अशोक, उत्तीस, ओखर जस्ता रुख

लगायत सतुवा, चिराइतो, बुढो, ओखति, सुनाखरी, हडचुर, पाखनवेद, गुर्जो, शिकारी लहरा जस्ता जडिवुटीलाई लाई मुख्य प्राथमिकता दिइनेछ

११. वन क्षेत्रमा सुशासन, समावेशीकरण र सामाजिक न्याय प्रवर्द्धनको लागि व्यवस्थापनलाई थप सक्षम बनाइनेछ ।

१२. धरातल अनुरुप उन्नत जातको बोटबिरुवाको वृक्षरोपणलाई प्रोत्साहन गरिनेछ ।

१३. वन क्षेत्रमा विभिन्न वाढि, पहिरो, आगालागी लगायतका विपदबाट पुर्याउने क्षतिलाई तत्काल व्यवस्थापन गारिनेछ ।

१४. वन्यजन्य उद्योगको प्रवर्द्धन, उत्पादनको विविधिकरण र बजारीकरण मार्फत अर्थतन्त्रमा टेवा पुऱ्याउन वन क्षेत्रको दीगो विकास तथा संरक्षणमा नीजी क्षेत्रलाई आकर्षित गरिनेछ ।

१५. धार्मिक वन क्षेत्रहरुलाई संरक्षण, सम्वर्द्धन एवम् प्रवर्द्धन गरी पर्यटकीय क्षेत्रको रुपमा विकास गरिने छ ।

१६. वन्यजन्तु शिकारका गतिविधिहरुलाई कडा निगरानी राखी कानूनी कारबाहीको दायरामा ल्याइनेछ ।

१७. सामुदायिक वनलाई वार्षिक कार्ययोजना अनिवार्य पेश गरी वृक्ष रोपण कार्यलाई बढवा दिन लागत साझेदारीमा कार्यक्रम अगाढी बढाइने छ ।सामुदायिक वनको अनुगमन तथा मूल्यांकन गरी उत्कृष्ट सामूदायिक संस्थालाई पुरस्कार स्वरुप वृक्षरोपण कार्यक्रममा अनुदान दिइने छ ।

**भू- संरक्षण**

१. चिचिला गाउँपालिकामा रहेका जोखिमयुक्त क्षेत्रहरुलाई नियन्त्रण, संरक्षण तथा दिगो व्यवस्थापन गरिनेछ ।

**वातावरण**

१. चिचिला गाउँपालिका भित्र वातावरण संरक्षण र सन्तुलनको लागि एक घर पाँच विरुवा रोप्ने कार्यक्रमलाई लागू गर्दै लगिने छ। सबैभन्दा बढी विरुवा रोप्ने र हुर्काउने घरपरिवारलाई विशेष सम्मान र पुरस्कारको प्रदान गरिनेछ ।

२. वातावरण अनुकुलका वन पैदावारहरुको विस्तार, विविधिकरण गरिनेछ । वातावरण संरक्षण र व्यवस्थापन गरिनेछ ।

३. जैविक विविधता र जैविक स्रोतको संरक्षण लगायत वातावरणीय क्षेत्रबाट प्राप्त हुने लाभको न्यायोचित वितरण सुनिश्चित गरिनेछ ।

आ.व. ०७९/०८० को वार्षिक नीति तथा कार्यक्रम

४. पर्यावरण संरक्षणलाई सामाजिक उत्तरदायित्वको कामको सूचीमा प्राथमिकता दिइनेछ । कार्यालय कामकाजमा कार्यालयीय गतिविधिहरु सञ्चालन गर्दा Save the Office Paper को अवधारणालाई कार्यान्वयन गरि पर्यावरण संरक्षण अभियान सञ्चालन गरिनेछ ।

५. चिचिला गाउँपालिका भित्र एक घर एक सुधारिएको चूल्होको व्यवस्था गरिनेछ ।

६. २० माइक्रोन भन्दा कम तौलका प्लाष्टिक झोलाको प्रयोगलाई प्रतिबन्धित गरिनेछ । प्लाष्टिक झोलाको सट्टामा कागजी झोला, जुटको झोलालाई प्रोत्साहन गरिनेछ ।

७. जलवायु परिवर्तनले पारिस्थितिकीय प्रणाली, स्थानीय जनता र जीविकोपार्जनमा पर्न सक्ने प्रभावलाई कम गर्न न्यूनीकरण तथा अनुकूलनका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

## जलाधार संरक्षण

१. स्वच्छ खानेपानीको मुहानहरु पहिचान तथा खोजी गरी पानीका मुहानहरुको दिगो संरक्षण गरिनेछ ।

२. पोखरीगाउँ पोखरी, कसाने पोखरी, मत्स्यपोखरी जलाधारलाई संरक्षण गरी आय आर्जनमा टेवा पुऱ्याउन एकीकृत गुरुयोजना तयार पारिनेछ ।

३. *नाग दह तथा धुवाँछाँगालाई रहस्यमयी जलाधार क्षेत्र*को रुपमा विकास गरिनेछ ।

## फोहोरमैला व्यवस्थापन

१. फोहोरमैलाको व्यवस्थापन गर्न स्थानान्तरण केन्द्र(Transfer Station), ल्याण्डफिल साइट, प्रशोधन प्लाण्ट, कम्पोष्ट प्लाण्ट, बायोग्याँस प्लाण्ट लगायत फोहोरमैलाको संकलन, अन्तिम विसर्जन तथा प्रशोधनका लागि आवश्यक पर्ने पूर्वाधार तथा संरचनाको निर्माण तथा सञ्चालन गर्न आवश्यक नीति अवलम्बन गरिनेछ ।

२. फोहोरमैलाको उत्पादनमा कमी ल्याउने, फोहोरमैलाको पृथकीकरण गर्ने, फोहोरमैला निष्काशन, फोहोरमैला संकलन, फोहोरमैला ढुवानी, फोहोरमैलाको न्यूनीकरण, पुनः प्रयोग, पुनः चक्रण गर्न आवश्यक कार्यक्रम तय गरिनेछ ।

३. फोहोरमैला स्थानान्तरण केन्द्र तथा फोहोरमैला व्यवस्थापन स्थल तोकी आवश्यक कार्यविधि अवलम्बन गरिनेछ ।

४. टोलस्तरमा टोल विकास संस्था, युवा क्लब, आमासमूह, बजार व्यवस्थापन समिति, विभिन्न संघसंस्थाहरुसँग समन्वय गरी सरसफाई अभियानलाई अगाडी बढाईनेछ ।

५. घर, जुठेल्नाबाट उत्पादन भएको फोहोरमैलालाई करेसाबारीमा पुनः प्रयोगमा ल्याउने व्यवस्था गरिनेछ ।
६. गाउँपालिका भित्र खुलादिसा मुक्त क्षेत्र घोषणा भै सकेकोमा यसको प्रभावकारीताको विषयमा अनुगमन गरिनेछ । शौचलयको उचित प्रयोग नगरेको पाइएमा वडापालिका तथा गाउँपालिकाबाट खानेपानी तथा अन्य सेवासुविधाबाट बञ्चित गर्ने नीति अवलम्वन गरिने छ ।

**<u>सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण</u>**

१. स्थानीय तह र नागरिकहरुका बीचमा दोहोरो संवाद स्थापित गर्न र त्यस्तो संवादबाट जनतालाई देश विकासको प्रक्रियामा रचनात्मक प्रतिनिधित्व गराई पारदर्शिताको माध्यमद्वारा स्थानीय तहको विकास निर्माण कार्य र सेवा प्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाई जिम्मेवारीको संस्कार बसाउन सार्वजनिक सुनुवाईको कार्यलाई व्यवस्थित गरिनेछ ।
२. गाँउपालिका भित्र संचालित योजना तथा कार्यक्रमहरुको अनिवार्य सार्वजनिक परीक्षणको व्यवस्था गरी पारदर्शितालाई वढवा दिइने छ ।

**<u>सुशासन</u>**

१. चिचिला गाउँपालिकाको पन्चवर्षीय आवधिक योजना तर्जुमा गरी मध्यमकालीन खर्च संरचना, योजना विकास वैंक तयारी गरिने छ ।
२. सार्वजनिक पद धारण गरेका व्यक्तिले मर्यादित, मितव्ययी एवम् उदाहरणीय रुपमा प्रस्तुत भई अनुकरणीय कार्यशैलीमा प्रस्तुत गर्ने नीति अवलम्वन गरिने छ ।
३. पानी, बिजुली, सञ्चार महसुल, घरभाडा, इन्धन, मर्मत, स्टेशनरी खर्च, भत्ता, तालिम, गोष्ठी, सेवा शुल्क, भ्रमण खर्च जस्ता प्रशासनिक खर्चमा अत्यन्त मितव्ययिता अपनाई कार्यालय सन्चालन गर्ने नीति अवलम्वन गरिने छ ।
४. सरकारी सवारी साधन सरकारी काममा अधिकृत व्यक्ति (authorized personnel) बाट मात्र प्रयोग गरिनेछ ।
५. गाउँपालिकामा हुने सबै प्रकारका आर्थिक कारोबारलाई बैंकिङ प्रणालीमा आवद्ध गरी शून्य नगद कारोबारलाई लागु गरिनेछ ।

६. आन्तरिक लेखापरीक्षण इकाईलाई अविलम्ब गठन गरी चिचिला गाउँपालिकाबाट निर्दिष्ट उद्देश्य हासिल गर्न आर्थिक प्रशासन सम्बन्धी कानूनी व्यवस्था एवम् कार्यविधिहरु पालना गरी गराई वित्तीय नियमितता, मितव्ययीता, प्रभावकारीता तथा औचित्यता कायम गरिने छ ।

७. चिचिला गाउँपालिकाबाट गरिने आम्दानी तथा खर्च र त्यसको लेखाङ्कन प्रचलित कानूनद्वारा निर्दिष्ट प्रक्रिया अनुरुप भए वा नभएको परीक्षण गरी वित्तीय पारदर्शीता र जवाफदेहिता कायम गरिनेछ ।

८. आन्तरिक लेखापरीक्षण तथा अन्तिम लेखा परीक्षणबाट प्राप्त प्रतिवेदन माथि गहन छलफल गरी पृष्ठपोषणको कार्यान्वयन पक्षलाई प्रभावकारी वनाइने छ।

९. अन्तिम लेखापरीक्षणबाट औंल्याइएका बेरुजुहरुको अद्यावधिक लगत कायम गरी बेरुजु फछ्र्यौटको लागि मातहतका कार्यालयहरु, शाखा, समितिहरु तथा अधिकार प्राप्त अधिकारीलाई ताकेता गरी आवश्यक प्रमाणहरु जुटाई अविलम्व सम्परीक्षण गरिने छ ।

१०. बेरुजु फछ्र्यौट समिति गठन गरी महालेखा परीक्षकको कार्यालयबाट अन्तिम लेखा परीक्षणका क्रममा देखिएका बेरुजुहरुलाई फछ्र्यौट गर्न अभियान कै रुपमा सञ्चालन गरिनेछ ।

<u>मानव संशाधन विकास</u>

१. गाउँपालिका स्थित सार्वजनिक निकायहरुबाट सम्पादन हुने सेवा प्रवाह प्रभावकारिता अभिवृद्ध गर्न गाँउपालिका तथा अन्तरगतका निकायमा कार्यरत जनशक्तिको क्षमता अभिवृद्धी गरी कार्य सम्पादनमा आधारित प्रोत्साहान प्रणाली लागू गरिने छ ।

२. गाउँ कार्यपालिका र वडा कार्यालयहरुको दरबन्दी सरंचना संघीय सरकार र प्रादेशिक सरकारसँग संगठन र विकास (Organization and Management) सम्बन्धी आवश्यक समन्वय, परामर्श र साझेदारी गरी सोही अनुरुप पदपूर्ति, समायोजन, दरबन्दी सिर्जना, सरुवा, बढुवा तथा वृत्ति विकास प्रणाली (Career Development System) लाई व्यवस्थित गरिनेछ ।

३. चिचिला गाउँपालिका मातहतका कर्मचारी प्रशासन सम्बन्धी विनियम, कर्मचारी कल्याण कोष, मर्मत सम्भार कोष लगायतका विनियम, निर्देशिका तथा कार्यविधिहरु तय गरिनेछ ।

४. कार्यालय समयभन्दा अतिरिक्त कार्य सम्पादन गरे बापत कार्यबोझका आधारमा प्रोत्साहन भत्ताको व्यवस्थापन गरीनेछ ।

५. कार्यालयमा सुरक्षाका लागि गाउँ प्रहरी व्यवस्थापन गर्न गाउँ प्रहरी कार्यविधि बनाई गाउँप्रहरी व्यवस्थापन गरिनेछ ।

**संस्थागत क्षमता विकास**

१. सरकारी तथा गैरसरकारी संस्थाहरुको नीति, कार्यक्रम लगायतका विषयमा सुधार ल्याउन सूचना तथा अभिलेख केन्द्रलाई सुदृढीकरण गरिनेछ ।

२. गाउँपालिका स्तरमा एकिकृत सेवा केन्द्र (Integrated Service Center) को अवधारणालाई सेवा प्रवाहमा जोड्न सकिने सम्भाव्यताको अध्ययन गरी उचित कार्यक्रम तय गरिनेछ ।

३. गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरु, विषयगत कार्यालयहरु, गैरसरकारी संघसंस्थाहरुमा सुशासन विकास इकाइ (Good Governance Development Unit) स्थापना गर्दै सुशासन कार्यन्वयनलाई प्रभावकारी बनाउदै जाने नीति लिइनेछ ।

**संस्थागत पूर्वाधार**

१. विद्युतीय शासन प्रणाली (e-governancesystem) मार्फत चिचिला गाउँपालिका क्षेत्रका सबै सरकारी तथा गैरसरकारी कार्यालयहरुको काम कारवाहीहरुमा प्रभावकारिता ल्याउन कर्मचारीहरुको क्षमता विकास जस्ता कार्यक्रमहरु संचालन कार्यलाई अवलम्बन गरिनेछ ।

२. क्षमता विकास योजना (Capacity Development Plan) तय गरी गाउँपालिकाको आवश्यकता र चाहना अनुरुप अवलम्वन गरिनेछ ।

३. सामाजिक आर्थिक उद्यमशिलताको विकास गर्दै युवा लक्षित सेवा, सुविधा र रोजगार लगायतका अवसरहरुमा वृद्धि गर्दै पलायन हुनबाट जोगाउन विभिन्न किसिमका क्षमता विकास तथा आयआर्जनका कार्यक्रमहरु सञ्चालन गर्न रोजगार सूचना केन्द्र स्थापना सम्बन्धमा आवश्यक कदम बढाइनेछ ।

४. चिचिला गाउँपालिका भित्रका विभिन्न संघ संस्थाहरुसँग आवश्यक समन्वय गरी विकासका कार्यहरु अगाडी बढाउने व्यवस्था मिलाईनेछ ।

५. यस गाउँपालिका भित्र आयोजना अरूण ३ तथा तल्लो अरुण परियोजना जस्ता ठूला आयोजनाहरुमा नेपाल सरकारसँग सम्झौता भए अनुरुप र परियोजना बीच सम्झौतामा उल्लेखित व्यवस्था स्थानीयबासीले पाउने सेवा, सुविधा, विकास निर्माणका कार्यहरु, छात्रवृत्ति, सीपमूलक तालिम जस्ता कार्यहरु समयमा नै गर्न, गराउन, सम्बन्धित कार्यालय (नेपाल सरकार, लगानी बोर्ड, निर्माणकर्ता, विकासकर्ता, जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समिति, राजनीतिक दल, स्थानीय सरोकारवालाहरु) सँग बसी

आवश्यक समन्वय गरी सबै कार्यक्रमहरु समयमा नै अगाडी बढाउन व्यवस्था मिलाईनेछ ।

६. कुनै जल विद्युत आयोजनाको प्रशासरण लाइन चिचिला गाउँपालिका क्षेत्र भित्रको जग्गाबाट लानु परेमा टावर निर्माण सँग सगै प्रसारण गरिएको लाइन वा तार मुनिको जग्गाको समेत लागत कट्टा गरी मुआब्जा प्राप्तिका लागि कानुन निर्माण गरी आवश्यक पहल गरिने छ ।

<u>**सेवा प्रवाह**</u>

१. डिजिटल नागरिक बडापत्रको निर्माण गरी बडापत्रमा सार्वजनिक निकायबाट प्रवाह गरिने सबै सेवाहरुको लागत, समय, प्रक्रिया, सम्बन्धित अधिकारी र गुनासो सुनुवाई गर्ने प्रक्रियालाई निरन्तर अद्यावधिक गरिनेछ ।

२. बढी सेवाग्राहीहरु हुने कार्यालयमा टोकनमा आधारित सेवा प्रवाह प्रणाली लागू गरी सेवा प्रवाहलाई व्यवस्थित बनाउदै लगिने छ ।

३. सेवा प्रवाहमा विद्युतीय सूचना प्रविधिको प्रयोग गरी वा प्रवाहलाई बढी पारदर्शी एवम् प्रभावकारी बनाउदै लगिने छ।

४. गाउँपालिका तथा वडा कार्यालयबाट सेवा लिने सेवाग्राहीहरुको अभिलेख तयार गरी सार्वजनिक गरिने छ ।

<u>**संस्कृति प्रवर्द्धन**</u>

१. चिचिला गाउँपालिकामा साँस्कृतिक संग्रहालयको स्थापना गर्न सम्भाव्यता अध्ययन गरी आवश्यक कार्यक्रम तर्जुमा गरिनेछ ।

२. चिचिला गाउँपालिकाको साँस्कृतिक रहनसहन, परम्परा, भेषभुषा तथा विशिष्टताहरुलाई संरक्षण तथा प्रवर्द्धन गर्न आवश्यक कार्यक्रम तर्जुमा गरी कार्यन्वयन गरिनेछ ।

३. चिचिला गाउँपालिकाले बहुजातीय, बहुभाषिक, बहुसाँस्कृतिक र बहुआयामिक विशेषताहरुको संरक्षण र सम्बर्द्धन गर्ने कार्यमा जोड दिइनेछ ।

४. चिचिला गाउँपालिकाका कला, साहित्य र संस्कृतिको जगेर्ना र विकास गर्न चिचिला गाउँपालिकाले प्रतिष्ठान स्थापना गर्न आवश्यक पहल गर्नेछ ।

५. चिचिला गाउँपालिकाको पहिचान बोक्ने पहिचान युक्त संरचनाहरु असला माछा चिन्डो पानी मकैको बोटको प्रतिमा सार्वजनिक स्थलमा निर्माण गर्ने ।

**लैंगिक समानता तथा सामाजिक समावेशीकरण**

१. महिला विरुद्धका सबै किसिमका हिंसा र विभेदलाई प्रभावकारी ढंगबाट अन्त्य गर्नका लागि लक्षित कार्यक्रम सञ्चालन गरिनेछ ।
२. महिला, युवा, अपाङ्ग तथा बाल अधिकारको सुनिश्चितताका लागि सरकारी, गैर सरकारी र निजी क्षेत्रका सबै सरोकारवालासँग सहकार्य गरिनेछ ।
३. लक्षित वर्गहरुको क्षमता विकासको लागि आवश्यक कार्यक्रम तथा योजना बनाई कार्यान्वयन गरिनेछ ।
४. आपतकालिन महिला र बालबालिका उद्धार कोषको स्थापना गरी सामाजिक आर्थिक रुपले जोखिममा परेका महिला वालवालिकाहरुको तत्काल उद्धार तथा राहत व्यवस्थापन गरिनेछ ।
५. आर्थिक रुपमा अति विपन्न नागरिकलाई आवासको व्यवस्था गर्न कानुन बनाई कार्यन्वयन गर्दै लगिने छ ।
६. लैंगिक रुपमा पिछडिएका वर्ग क्षेत्र समुदायको उत्थान तथा क्षमता विकासको लागि लैङ्गिक उत्तरदायी बजेटको तर्जुमा गरी कार्यान्वयनमा ल्याईनेछ ।
७. महिला तथा बालबालिकामाथि हुने विभिन्न प्रकारको घरेलु हिंसाको निवारणका लागि सचेतनामूलक कार्यक्रम तर्जुमा गरी लागू गर्दै लगिने छ ।बाल श्रम शोषण, बहु विवाह र बाल बिवाहलाई पूर्ण रुपमा निरुत्साहित गर्दै साविकमा सञ्चालित बालमैत्री शासनको अवधारणालाई निरन्तरता दिइने छ।
८. महिला तथा बालबालिका अपाङ्गता, फरक क्षमता भएका व्यक्तिको सशक्तिकरण, क्षमता विकास सामाजिक सुरक्षाका कार्यक्रमहरु तर्जुमा गरी लागू गर्दै लगिने छ ।

**गैर सरकारी संस्था**

१. यस गाउँपालिकाक्षेत्रमा आफ्नो कार्यक्षेत्र बनाएका गैर सरकारी संघ संस्थाहरुलाई कार्यक्रम सञ्चालन गर्न उक्त संघ संस्थाहरुको कार्यक्रम, बजेट, समय तालिका, कार्यक्रमको औचित्य, प्रभाव, अवसर, लाभान्वित क्षेत्र समेतको विश्लेषण र मूल्याङ्कन गरेर मात्र राय सहित स्वीकृति दिईनेछ।

**<u>खेलकूद तथा मनोरञ्जन</u>**

१. चिचिला गाउँपालिकाबाट विभिन्न क्षेत्रका खेलकूद विकास गर्नका वार्षिक रुपमा चिचिला कप (Chichila Cup) को आयोजना गरिनेछ । चिचिला कप आयोजना गर्दा प्रायोजनका लागि उद्यमी, व्यवसायी, संघसंस्थाहरु सँग समन्वय तथा सहकार्य गरिनेछ । छात्रा तथा महिलाहरुको खेल प्रतिभा पहिचान गरी विकास गर्ने अवसर प्रदान गर्न महिलाहरुको सहभागिताको सुनिश्चित गरिने छ ।

२. चिचिला गाँउपालिकामा बृहत रंगशाला र मिनि रंगशाला खेलग्रामको निर्माणको लागि जग्गाको व्यवस्थापन गरी खेलकुदका लागि आवश्यक संरचनाको निर्माण गरिने छ ।खेलकुद क्षेत्रमा विकासको माध्यमबाट भाषा, संस्कृति, साहित्य, कलाको समेत प्रवर्द्धन गरिने छ ।

३. र अन्त्यमा, चिचिला गाउँपालिकाको नीति तथा कार्यक्रम तय गर्न निरन्तर सहयोग समन्वय गर्नुहुने हातहरुप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

**धन्यवाद ।**

**मितिः** २०७९/०३/१०

आ.व. ०७९/०८० को वार्षिक नीति तथा कार्यक्रम